नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- 956

मितिः २०८२/०५/०२

विषय : विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड,
बुद्धनगर,काठमाडौं वार्ड नं.-१०,नेपाल।
फोन नः ०१-४७८८६८०

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको थप विवरण सहितको निवेदन माथि कारबाही हुँदा निम्नअनुसारका नपुग कागजात विवरणहरु पुनः ७(सात) दिनको समयावधि भित्र पेश गर्नुहुन यस विभागको मिति २०८२/०४/२९ को निर्णायानुसार अनुरोध छ।

१. स्वीकृत वातावरणीय प्रतिवेदन (EIA) तथा सोको Soft Copy ।
२. नेपाल सरकार वा अन्तर्गतका निकायको लगानी रहेको कम्पनीको हकमा स्वीकृत वार्षिक कार्यक्रम वा संचालक समितिको निर्णयको प्रतिलिपि।
३. यस आयोजनाको उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)।
४. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परिक्षण गरिएको वित्तीय विवरण (UDIN Number सहितको विवरण)।
५. आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसँग भएको ऋण सम्झौता वा ती संस्थाहरुले ऋण लगानी गर्न व्यकत गरेको प्रतिबद्धतापत्र (Letter of Intent) ।
६. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी ।
७. कम्पनीको अधिकारिक छापसहित आवश्यक जग्गाको विवरण र प्रस्तावित निर्माण कार्यतालिका।

(वीरेन्द्र पंडित)
इन्जिनियर